# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २० गते ०१ साल

भाग ३


## उद्योग वाणिज्य तथा खाद्यविभागको सूचना

काठमाडौं उपत्यकाञ्चलसमेत सदर चारभञ्ज्याङ्गभित्रको सरकारिया काम-काममा खर्च गर्नालाई अगहनी धानको उसिना वा अरुवा चामल मन ८०,००० असीहजारसंम चाहिने भएकोले तपसीलमा लेखिएको शर्तबमोजिम काम गर्ने गरी सिल्ड टेन्डर लिई ठेक्का बन्दोबस्त गरा चामल खरिद गरी लिनुपर्ने भएको बेहोरा जाहेर हुँदा लेखिएबमोजिम गर्नालाई लेखिएका शर्तहरूसमेत आकाशवाणी रेडियो र गोरखापत्रद्वारा जनतामा सूचना गरी पर्न आएको सिल्ड टेन्डरको बेहोरा जाहेर गरी आदेश भएबमोजिम गर्नू भन्ने निकाशा भएकोले सर्वसाधारणलाई यो सूचना दिने काम भएको छ। तपसीलमा लेखिएको शर्तमा लेखिएबमोजिमको ठेक्का लिई काम गर्न मनसुवा हुनेहरूले तपसीलको रीत पुर्‍याई काम गर्ने गरी आफूले कुन दरमा के कति चामल दिने पुर्‍याउने गरी ठेक्का कबूल गर्न इच्छा छ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो बेहोरा खुलाई तपसीलमा लेखिएको म्यादभित्रै "डाइरेक्टर खाद्यविभाग सिंह-दरवार, दाखिल हुने गरी सिल्ड टेन्डर दिनुहोला । किफायत मोलमा दिने कबूल गर्ने र राम्रो काम गर्न सक्ने व्यक्तिको विचार गरी निर्णय भएबमोजिम हुनेछ ।

तपसील

——

ठेकदारले पाउने सहुलियत — — — — — १

सदर चारभञ्ज्याङ्ग र पूर्व पश्चिम पहाड इलाकाबाहेक सरहदको मधेश इलाका र विदेशमा समेत खरिद गरी ल्याउन पाउने — — १

नेपालको रेल रोपको बन्दोबस्त सरकारबाट चाहिएमाफिक मिलाइदिने — २

भारतको बाटो गरी ल्याउनुपर्ने भएमा चलान पर्ने चामलको तौल वाहिने बायगन चलान हुने मिति र चलान गर्ने रेल्वे स्टेशनसमेत खुलाई दरखास्त गरेमा दरखास्त परेको ७ दिनभित्र लेखिएबमोजिमको बन्दोबस्त निमित्त परराष्ट्रविभागबाट भारत सरकारमा सिफारीससहितको लेखापढी सरकारबाट गरिदिने — — — — — ३

काठमाडौं उपत्यकामा दाखिल गरेको चामल दाखिल भएका ३३ दिनभित्रै तौल गरी सो तौल भए भएका ३ दिनभित्रै मोल पाउने — — ४

चामल बोराबन्दी गरी २॥ मनको १ अद्दत गरी दाखिल गर्नुपर्ने हुँदा अद्दतको ठहर तौलमा बोराबापत बोरा १ एकको ॥। तीन पाउ कट्टा गरी बाँकी रहेको तौलजति चामल कायम गरिदिने — — ५

ठेकदारको जवाफदेही — — — — — — २

नेपाल चारभञ्ज्याङ्गभित्र र पूर्व पश्चिम पहाडी जिल्लामा धान चामल खरिद गर्न नपाउने — — — — — — — १

माथि १ दफामा लेखिएबाहेक अरू इलाकामा चामल वा धान खरिद गर्दा पनि यो दरमा दिनुपर्छ भनी रैती दुनियाँ महाजनसमेतलाई कर लगाई किन्न नपाउने, चलेको दरभाउमा खुश खरिद गरी लिनुपर्ने — २

332

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धान खरीद गरेमा यो दरमा कुटानी गरी दिनुपर्छ भनी रैंता दुनियाँ र मीलहरुसमेतलाई कर लगाई काम गराउन नपाउने । चलेको मजुरी दिने गरी मन्जुरी गराई कुटानी गराउनुपर्ने— — — —३

सरहद मधेश तराई इलाकामा खरिद गरी विदेशको बाटो ल्याउनेमा र विदेशबाट खरिद गरी ल्याउनेमा समेत सवाल सनदबमोजिमको निकाशा पैठारी बजार महसूल बुझाउनुपर्ने— — — —४

१ दफाको देहाय २ दफाबमोजिम नेपालको रेल रोपको बन्दोबस्त सरकारबाट मिलाइदिएकोमा पनि दरबन्दीबमोजिमको महसूल ठेकदारले बुझाउनुपर्ने— — — — —५

१ दफाको देहाय २ दफाबमोजिम बिदेशको रेलको बन्दोबस्तबारे सरकारबाट सिफारीससहित लेखापढी गरिदिएकोमा ठेकदारले आफैं कोशिस गरी वाइगन लिनु र लाग्ने महसूलसमेत बुझाउनुपर्ने । वायगन पाइन भनी ठेक ग्याही पाउनसमेत नसक्ने — — —६

कबूलबमोजिमको चामल बोराबाहेक २॥ मनको वजन गरी नयाँ टुइल बोरामा प्याक गरी बुझाउनुपर्ने — — — —७

बोरा सुतरी कस्तीकाँटा लोड अन्लोड लहरी भाडा इत्यादि खर्च ठेकदारले नै गर्ने बेहोर्ने— — — — — — —८

चामल प्याक भई आएको बोरा फिर्ता वा बोराको छुट्टा मोल नपाउने—९

कबूलबमोजिमको चामल आफ्नै तर्फबाट रुपैयाँ लगाई खरिद गरी बुझाउने पेस्की फिमन नोट कंरु १। एक रुपैयाँ चार आनाको दरले पाउने सो पेस्की आखिर टाइममा मोलमध्ये कट्टी हुने— — — —१०

कबूलियतबमोजिमको चामल काठमाडौं उपत्यका तोकिएको गोदाममा ठेकदारतर्फबाटै ढुवानी गरी ल्याई दाखिल गर्ने— — —११

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो चामल दाखिल गर्दा देहायबमोजिमको किस्ताकिस्ता गरी दाखिल गर्नुपर्ने— — — — —१२

२०१० साल वैशाखदेखि भाद्र मसान्तसम्म ५ पाँच महिनाभित्र हरएक महिनामा कबूल जम्माको शयकडा २० बीसको हिसाबले पाँच किस्ता गरी दाखिल गरिसक्नुपर्ने — — —१

किस्ता खिलाप भएमा खिलाप भएजतिको किस्ता खिलापी सूद बुझाउनुपर्नेछ। किस्ता खिलापी गरेबाट अन्यत्र खरिद गरी काम चलाउनुपरेमा नोक्सानी पर्न आएछ भने सोसमेत बुझाउनुपर्नेछ —२

२॥ मन चामल बोरा १ मा। एक सेरभन्दा बढी टुटो कनिका नभएको, नसडेको, नगन्हाएको असल चोखा हुनुपर्ने हुनाले सोही-माफिक आफूले दिने चामलको नमुना सिल्ड टेन्डर नखुल्दै सो खोल्ने बखतसम्म ल्याउनु वा पठाउनुपर्छ। सो बमोजिम नमुना दाखिल नगरे कारवाई हुनेछैन. — — — १३

सदरमा जोखतौल गरी कबुलबमोजिमको चामल दाखिल गर्ने हुँदा सुखन जर्ती पाउनेछैन. — — — — — १४

यो ठेक्काविषयमा पालन गर्नुपर्ने नियम — — ——३

सिल्ड — दिंदा देहायबमोजिम दिन पाउँछ :—

सिल्ड टेन्डर दिंदा चाहिने जम्मा चामल मन ८०,००० असीहजार-सम्मको एउटाले दिन पाउँछ। सोबमोजिमम जम्मै दिन नसक्नेले १००८० दशहजार मनमा नबढाई र घानचुन नपर्ने गरी दश दशहजार थप्दै गई १०,०००×२०,०००×३०,०००×४०,०००×५०,०००× ६०,०००×७०,०००×८०,००० गरी यस हिसाबसँग जतिसम्म कबूल गर्न सक्ने हो, उति उतिको टेन्डर दिनु — — — — — १

३३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यो सिल्ड टेन्डरको खाममा 'चामल ठेक्काबारेको' भन्ने जनाई लाहाछाप लगाई रजिष्टरी गरी देशी वा नेपाली जुन डाँकबाट पठाउन सजिलो चाँडो र पाही पर्छ, उस डाँकबाट—डाइरेक्टर खाद्यविभाग सिंहदरबारको ठेगानामा ०६ साल माघ २६ गतेभित्रै दाखिल भइसक्ने गरी जति-सकेको चाँडो पठाउनुपर्छ। सो म्यादभित्र दाखिल नभएको टेन्डरबाट कारवाई हुनेछैन. — — — २

हरएक सिल्ड टेन्डरमा रु. १०० एकशयको नोट दस्तुर खामिनुपर्छ। सो दस्तुरबेगरको टेन्डरबाट कारवाई हुनेछैन र टेन्डर मन्जूर नभए पनि दस्तुर फिर्ता हुनेछैन. — — — ३

माथि ३ दफाको दस्तुरबाहेक बैनाबापत टेन्डर गरेको चामलको टेन्डरदरले हुने मोल जम्माको शयकडा ५ पाँचले हुनेजति रुपैयाँ वा माथवर जमानी टेन्डर खुलेकै दिन दाखिल गर्नुपर्छ। सो दाखिल नगरेमा त्यस टेन्डरवालाले पाउनेछैन। टेन्डर मन्जूर नभएमा यो रुपैयाँ तुरुन्त फिर्ता हुनेछ। मन्जूर भएमा तल ८ दफाबमोजिम हुनेछ. — — — ४

यो विषयको सबै टेन्डरहरू ०६ साल फागुन ४ गतेका दिन १२ बजे उ. वा. खा. सि. स. विभागका परामर्शदाताको अध्यक्षतामा टेन्डरवाला आफू वा नसके रीतपूर्वक अख्तियारनामा लिई आउने टेन्डरवालाहरूका सामुन्ने खुलिन्छ. — — — — —५

परेको सबै टेन्डरको बेहोरा जाहेर हुँदा निकाशा भएबमोजिमको मानिसका साथ कबूलियत पट्टा भई ठेक्का बन्दोबस्त हुनेछ. — — ६

टेन्डर मन्जूरको निकाशा टेन्डर खुलेको ७ दिनभित्र हुनेछ। सो निकाशा भएको तीन दिनभित्र सो खबर आकाशवाणी, रेडियोसमेतबाट सूचित गरिनेछ। सो सूचना भएको ७ दिनभित्र मन्जूर भएको टेन्डरवालाले टेन्डरबमोजिम हुने चामलको मोल जम्माको शयकडा १० दशको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हिसाबले नगद् धरौटी वा हाकिमले पत्याएको माथवर धनजमानी राखी कबूलियत गरी पट्टा उठाउनुपर्छ. — — — — ७

माथि ७ दफाको म्यादमा कबूलियत गरी पट्टा उठाउन नसकेमा ४ दफा-बमोजिम आएको बैनाबापतको रुपैयाँ जफत हुनेछ । पट्टा उठाएमा ७ दफा-बमोजिम राख्नुपर्ने धरौटमा कट्टा गरिनेछ. — — — ८

पट्टा कबूलियत उठाई काम नगरेमा वा गरी पछि छाडेमा समेत ७ दफा-बमोजिम धरौटी रहेको रुपैयाँ जफत गरी अरूसँग काम बन्दोबस्त हुँदा बढी पर्न आएको रुपैयाँ कबूल गरी काम नगर्ने ठेकदारबाट असूल उपर गरिनेछ. -- — — — — -- — — ९

माथि दफा दफाको रीत नपुगेको टेन्ड र म्यादभित्रै दाखिल भएकोमा र रीत पुगेको भए पनि म्याद नाघी दाखिल भएको टेन्डरसमेतमा कुनै कारवाई हुनेछैन. — — — — १०

घटी दरमा कबूल गरेको वा जुनसुकै सिल्ड टेन्डर पनि कुनै कारण नखुलाई बेमन्जूर गर्ने अधिकार सरकारमा रहनेछ. — — ११

दरखास्तमा प्रष्ट खुलाई लेख्नुपर्ने कुरा — — — ४

टेन्डरवालाको बाबु बाजेको नामः—

टेन्डरवालाको नाम, थर :—

टेन्डरवालाको घरको ठेगाना — टोल, गाउँ, शहर, मौजा, जिल्लासमेत खुलाई लेख्नुपर्छ।

टेन्डरवाला आफ्नु घरमा नबसेमाः—

हाल बसेको डेराको ठेगाना ऐ ऐ

टेन्डरवालाको हैसियतसम्बन्धी विवरण

टेन्डरवालाले अघि काम गरेको भए सो गरेको कामको बयान।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टेन्डरवाला अघि काम नगरेको नयाँ काम गर्ने भए २ जना प्रतिष्ठित व्यापारी वा भद्रपुरुषको सिफारीस।

काम पाएमा दिन बुझाउन मंजूर भएको चामलको तौलः--अंक अक्षर दुवैमा लेखिनु पर्छ।

काम पाएमा दिन बुझाउन मंजूर भएको चामलको मन १ एकको दिन मंजूर भएको मोल अंक अक्षर दुवैमा लेखिनुपर्छ।

टेन्डरवाला कुनै कुरामा बात कसूर लागेको र कुनै रकम कलममा ठेकदार हिस्सेदार धनजमानी भइरहेको औ बाँकीवाला भए सोसमेत खुलाई लेखिनुपर्छ।

माथि लेखिएको सबै कुरा प्रस्ट बुझिने गरी खुलाई लेखी मेरो टेन्डर मंजूर भएमा सूचनामा प्रकाश भएको शर्तबमोजिम गरी काम गर्न मेरो मंजुर छ भन्ने लेखी दरखास्तवालाले सहिछाप र लाप्चे छापसमेत लगाई सिल्ड टेन्डर पठाउनुपर्छ। यो बेहोरा नलेखिएको दरखास्तबाट कारवाई हुनेछैन। माथि दफा दफामा लेखिएबाहेक अरू कुनै शर्त लेखेको मंजूर हुनेछैन।

नीरराज
सेक्रेटरी—
उद्योग वाणिज्य तथा खाद्यविभाग

## उद्योगविभागको सूचना नं. २८।०१

कुनै कुनै लिमिटेड कम्पनीमा रजिष्टर्ड अफिसमा पत्रव्यवहार गर्दा पनि मेनेजमेन्ट त्यहाँ नभएको हुनाले वा अरू कुनै कारणले गर्दा चिट्ठी फर्केर आउँदछ। तसर्थ यस्ता कम्पनीहरूका मेनेजमेन्टहरूलाई सूचना दिइन्छ, कि रजिष्टर्ड अफिस


मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।